# कार्यकारी निर्देशक पदपूर्ति सूचना

पाटन संग्रहालय विकास समिति गठन आदेश, २०५३ को दफा ७ वमोजिम कार्यकारी निर्देशक पद संख्या - १ (एक) खुल्ला प्रतियोगितात्मक प्रक्रियाबाट छनौट गरी चार वर्षका लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले निम्न लिखित योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिएको छ ।

| सि.नं. | विज्ञापन नम्वर | पदको नाम र श्रेणी | सेवा, समूह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | १/०७१/०७२ | कार्यकारी निर्देशक (रा.प.द्वितीय श्रेणी) सो सरह | शिक्षा, पुरातत्व | १ (एक) |

१. परीक्षाको किसिम : Vision paper को प्रस्तुतीकरण, मूल्याङ्कन र अर्न्तवार्ता ।

२. दरखास्त दिने स्थान : पाटन संग्रहालय विकास समिति, पाटन दरवार, मंगलबजार, ललितपुर ।

३. परीक्षा दस्तुर : रु.१०००।- (एक हजार मात्र)

४. दरखास्त दिने अन्तिम अवधि : राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन प्रकाशित भएको मितिले तीस दिन र दोब्बर दस्तुतर तिरी थप सात दिन ।

५. सम्पर्क मिति : दोब्बर दस्तुर तिरी दर्खास्त दिन सकिने मितिको भोलि पल्ट ।

६. अन्तवार्ता हुने मिति, स्थान र समय : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

७. कार्यकारी निर्देशकले गर्नुपर्ने काम : समितिले स्वीकृत गरेको कार्य विवरण अनुसार हुनेछ ।

८. तलव एवं अन्य सुविधा : समितिको प्रचलित नियम एवं समितिको वैठकबाट निर्धारण भए वमोजिम हुनेछ ।

९. आवश्यक न्यूनतम योग्यता :

नेपाल सरकारको मान्यता प्राप्त विश्व विद्यालयबाट इतिहास, कला संस्कृति वा संग्रहालय विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणीको शिक्षा सेवा आर्कियोलोजी समूहमा कम्तिमा **पाँच वर्ष कार्य गरेको** वा नेपाल सरकारको मान्यता प्राप्त संग्रहालयमा रा.प.द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तिमा पाँच वर्ष कार्य गरेको वा नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणीको शिक्षा सेवा **आर्कियोलोजी समूहमा दश वर्ष कार्य गरेको** वा नेपाल सरकारको मान्यता प्राप्त संग्रहालयमा रा.प.तृतीय श्रेणी सो सरहको पदमा कम्तिमा दश वर्ष कार्य गरेको ।

१०. प्रचलित कानूनले अयोग्य नभएको व्यक्ति हुनुपर्नेछ ।

११. उम्मेदरवारको उमेर : दरखास्तको अन्तिम मितिमा ३५ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।

१२. दरखास्तसाथ नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिका साथै यस संग्रहालयमा दरखास्त दस्तुर वापत रकम बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ ।

१३. दरखास्त फाराम पाटन संग्रहालयबाट रु.१०००।- तिरी प्राप्त गर्न सकिनेछ ।

१४. उम्मेदवारले सम्पर्क मितिका दिन शैक्षिक योग्यताको सक्कल प्रमाण पत्र सहित उपस्थित हुनुपर्नेछ ।